काठमाडौं विश्वविद्यालयको प्रेस विज्ञप्ति

०३ फाल्गुन २०८०, धुलिखेल, काभ्रे ।

भारतीय विश्वविद्यालय संघ र काठमाण्डौ विश्वविद्यालयले संयुक्त रुपमा आयोजना गरेको अन्तर्राष्ट्रिय उपकुलपति सम्मेलनको प्रधानमन्त्री एवम् काठमाडौं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल प्रचण्डले एक भव्य समारोह बीच काठमाण्डौ विश्वविद्यालय केन्द्रीय परिसर धुलिखेलमा विहिबार  उद्धाटन गर्नुभयो । उच्च शिक्षाको भूमण्डलीकरण र अन्तर्राष्ट्रियकरणमा केन्द्रित यस कार्यक्रम दक्षिण एसियाकै इतिहासमा महत्वपूर्ण  कोसे ढुङ्गा सावित भएको प्रधानमन्त्रीले बताउनु भयो ।

प्रधानमन्त्री दाहालले नेपाल सरकार उच्च शिक्षाको क्षेत्रमा एक फरक सोच तथा नीति कार्वान्यनमा लागि रहेको तथा यसका लागि यस किसिमका अन्तरराष्ट्रिय साझेदारीहरु महत्वपूर्ण हुने बताउनु भयो । उहाँले भारत नेपालको सहज शिक्षा गन्तव्यको बास्तविकताका बिच नेपाल पनि भारतीय विद्यार्थीहरुको लागि आकर्षक शैक्षिक गन्तव्य हुन सक्ने पमाण काठमाण्डौ विश्वविद्यालय मात्रबाट दिक्षित भएका ४ हजार भन्दा बढी विद्यार्थीहरु रहेको प्रसङ्गले दिएको चर्चा गर्नु भयो ।

यसैगरी उद्धाटन कार्यक्रममा स्वागत मन्तव्य दिनु हुँदै काठमाण्डौ विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले विभिन्न मुलुकका शैक्षिक नेतृत्वको महासम्मेलन आयोजना गर्न पाएकोमा कावि गौरवान्वित भएको महशुस गर्दै यस किसिमका कार्यक्रमले नयाँ एशियाली क्षेत्रिय शैक्षिक साझेदारी विकास गर्ने विश्वास व्यक्त गर्नु भयो ।

समान सांस्कृतिक पहिचान एवं भावनाका कारण नेपाल तथा भारतले संयुक्त रुपमा गुणस्तरिय अभियानको थालनी गरेर विश्वलाई एउटा नयाँ शैक्षिक साझेदारीको खाका प्रश्तुत गर्न सक्ने जुन हाम्रो सदियौं लामो ज्ञानको धरोहरमा आधारित हुन सक्ने प्रचुर संभावनालाई ईंगित गर्दै विश्वविद्यालय संघका अध्यक्ष जि डी शर्माले भारतीय विश्वविद्यालयको नेतृत्व वर्ग ज्ञानको खानी हिमवत् खण्डमा भेला हुनु त्यसको बलियो प्रमाण रहेको बताउनु भयो ।

कार्यक्रममा भारतीय विश्वविद्यालय संघकी महासचिव प्राडा पंकज मित्तलले भारत भन्दा बाहिर पहिलो पटक आयोजना गरिएको यस अन्तर्राष्ट्रिय उपकुलपति सम्मेलनले शैक्षिक नेतृत्वको तहमा मात्र नभई प्राज्ञ, शिक्षक, विद्यार्थी तथा विश्वविद्यालयका सरोकारवालाहरु समेतलाई एउटै मञ्चमा ल्याई शैक्षिक उन्नयनका साझा अवधारणा तथा कार्यक्रम विकास गर्न सहयोग पुग्ने बताउनु भयो ।

यसैगरी काविका संस्थापक उपकुलपति प्राडा सुरेशराज शर्माले विद्यार्थीहरूका बहिर्गमन नेपाल भारतको साझा चिन्ताका विषय रहेको प्रसङ्ग उल्लेख गर्दै यस किसिमका अन्तरराष्ट्रिय सम्मेलनले विकसित गर्ने शैक्षिक साझेदारीले त्यसालाई रोक्न सक्ने विश्वास व्यक्त गर्नु भयो ।

उद्घाटन सत्रमा धन्यवाद व्यक्त गर्दै काविका रजिष्ट्रार प्राडा अच्यूत वाग्लेले सूचना क्रान्तिबाट सृजित भ्रामक सूचना प्रवाहको असरमा उच्च शिक्षा क्षेत्र समेत प्रवाभित भईरहेको वर्तमान अवस्थामा यस किसिममा उच्चस्तरीय शैक्षिक सम्मेलनले गुणस्तरीय शिक्षा प्रवाहमा देखिएका समस्या समाधान गर्दै साझा एशियाली शैक्षिक साझेदारीको विकास गर्ने विश्वास व्यक्त गर्नु भयो ।

उद्धाटन समारोहमा नेपाल, भारत, भुटान, दक्षिण कोरिया, नर्वे, अष्ट्रेलिया लगायत देशका विभिन्न विश्वविद्यालयका उपकुलपतिहरु, उच्च शिक्षाका नेतृत्व वर्ग तथा प्रतिष्ठित व्यक्तिहरुको सहभागिता रहेको थियो ।

भारतीय विश्वविद्यालय संघले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत उच्च शिक्षाका चुनौती र अवसरहरुका बारेमा स्थानीय र विश्वव्यापी रूपमा छलफल गर्न आफ्ना पाँच क्षेत्रीय संरचनाहरुका माध्यमबाट तथा एउटा राष्ट्रिय स्तरको उच्च शैक्षिक सम्मेलनहरु सञ्चालन गर्ने गर्दछ। यस पटकको उत्तर क्षेत्रिय सम्मेलन फागुन ३-५ सम्म अन्तरराष्ट्रिय उपकुलपति सम्मेलनको रुपमा काठमाण्डौ विश्वविद्यालमा संचालन भईरहेको छ ।

कार्यक्रममा काठमाडौं विश्वविद्यालय र भारतीय शैक्षिक संस्थाहरूबीचको सहकार्यलाई जोड दिईएको थियो भने भारतीय विश्वविद्यालय संघ आफ्नो प्रकाशन युनिभर्सिटी न्यूजको विशेष अंकको विमोच पनि गरिएको थियो।

एक्कुमाया पुन
प्रवक्ता